# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ७, संख्याः ४, मितिः २०८०/१०/२८

## भाग-१

## शितगंगा नगरपालिका

शितगंगा नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०८० सालको ऐन नं. ४

### शितगंगा नगरपालिकाको आर्थिक ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** शितगंगा नगरपालिकामा व्यवसाय करको दायरा विस्तार गरी थप व्यवस्थित गर्न तथा शितगंगा नगरपालिकाको अटोरिक्सा, ई-रिक्सा तथा रिक्सा व्यवस्थापन कार्यविधि, २०८० को कार्यान्वयनलाई सहज बनाउन शितगंगानगरपालिकाको आर्थिक ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले शितगंगा नगरपालिकाको नगरसभाको चौधौं अधिवेशनबाट यो ऐन बनाइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम **शितगंगा नगरपालिकाकोआर्थिक (पहिलो संशोधन) ऐन, २०८०** हुनेछ । यो ऐन शितगंगा नगरपालिकाको नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात् प्रारम्भ हुनेछ ।

२. **आर्थिक ऐन, २०८० मा थपः**आर्थिक ऐन, २०८० को दफा २२ पछि नयाँ दफा थप गरी दफा दफा २३ मा निम्न अनुसारको व्यवस्था गरिएको छ।

शितगंगा नगरपालिका स्थापना हुनुपूर्व वा भए पश्चात् उद्योग तथा व्यापारिक फर्मको रुपमानेपाल सरकार वा प्रदेश सरकारका विभिन्न निकायमा दर्ता भई यस नगरपालिका क्षेत्रभित्र व्यावसायिक कारोबार गरेका तर पटक पटक अनुरोध गर्दा समेत नगरपालिकाको व्यवसाय करको दायरामा समावेश हुन नसकेका उद्योग तथा व्यापारिक फर्महरुलाई नगरपालिकाको व्यवसाय करको दायरामा ल्याउने प्रयोजनार्थ एक पटकका लागि देहायबमोजिम गर्ने,

क) शितगंगा नगरपालिका स्थापना हुनुपूर्व वा स्थापना भएपश्चात् उद्योग तथा व्यापारिक फर्मको रुपमा नेपाल सरकार वा प्रदेश सरकारका निकायमा दर्ता भई यस नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गरेका उद्योग वा फर्मलाई व्यवसाय करको दायरामा समेटी व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराउने प्रयोजनको लागि सम्बन्धित व्यवसायीले विगतका आर्थिक वर्षहरुमा नगरपालिकाको तत् तत् आ.व.का आर्थिक ऐन बमोजिम तिर्नुपर्ने व्यवसाय कर र जरिवाना गणना गर्ने,

ख) व्यवसायीलाई तीन महिनाको समय दिई व्यवसाय करको दायरामा आउन सार्वजनिक सूचना जारीगर्ने ।यसरी तोकिएको समय अवधिभित्र करको दायरामा आएमा हालसम्मको व्यवसाय कर असूल गरीहालसम्मको जरिवाना शत प्रतिशत छुट दिइ व्यवसाय दर्ता प्रमाणपत्र दिने,

ग) यस दफाको कार्यान्वयनमा कुनै द्विविधा वा बाधा व्यवधान उत्पन्न भएमा बाधा अड्काउ फुकाउन नगरकार्यपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।

३. **आर्थिक ऐन, २०८० को अनुसूचीमा संशोधनः** आर्थिक ऐन, २०८० को दफा ६ को प्रयोजनार्थ तथा शितगंगा नगरपालिकाको अटो रिक्सा, ई- रिक्सा तथा रिक्सा व्यवस्थापन कार्यविधि, २०८० कार्यान्वयनलाई सहज बनाउन ऐनको अनुसूची-५ मा निम्न व्यवस्थाहरु थप गरिएको छ ।

क) रुट इजाजत शुल्कबापत

- रिक्सा रु. १०००।-
- इ-रिक्सा रु. २५००।-
- अटो रिक्सा रु. ५०००।-

ख) रुट इजाजत नवीकरणबापत शुल्क (त्रैमासिक रुपमा)

- रिक्सा रु. १२५।-
- इ-रिक्सा रु. ३२५।-
- अटो रिक्सा रु. ६२५।-

ग) पटके शुल्कबापत

- स्वीकृत सीट सङ्ख्या र स्वीकृत भाडादर अनुसार हुन आउने जम्मा आम्दानीको १० प्रतिशत रकम ।

घ) जरिवाना बापत

- कार्यविधिमा तोकिए बमोजिमको अवधिभित्र रुट इजाजत नवीकरण नगरेमा रुट इजाजत नवीकरण शुल्कको दोब्बर दस्तुर,
- रुट इजाजत नलिई सवारी सञ्चालन गरेमा रु. ५०००।- सम्म
- तोकिएको भाडा दर भन्दा बढी भाडा लिएमा प्रथम पटकको लागि रु. ५००।- दोस्रो पटकको लागि रु. १०००।- र तेस्रो पटकको लागि रु. १५००।-

४. **खारेजी:**मूल ऐनको दफा ६ को प्रयोजनको लागि अनुसूचीमा गरिएको व्यवस्था अन्तरगत अनुसूची ५ को प्रकरण नं. ६ मा उल्लिखित अटोरिक्सा र इ-रिक्सा बापतको रुट इजाजत शुल्क खारेज गरिएको छ ।

**प्रमाणीकरण मितिः २०८०/१०/२८**

आज्ञाले,
अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत